नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक २३९ २०८० साल बैशाख १३ गते बुधबार (26 Apr. 2023 Wednesday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : फ्लाई दुबईको जहाजमा देखिएको ३ पृष्ठमा : 'अर्थतन्त्र सुधारका लागि सत्ता र ... ३ पृष्ठमा युद्धरत पक्ष युद्धविरामका...

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**




*विद्यार्थी भर्ना अभियान २०८० :* राजविराज वडा नं. ८ स्थित श्री राष्ट्रिय आधारभुत विद्यालयका विद्यार्थी, शिक्षक तथा वडाका जनप्रतिनिधिहरुको सहभागितामा मंगलबार विद्यार्थी भर्ना अभियान संचालन गरिदै। *तस्बिर : राजविराज दैनिक*

## मधेस प्रदेशका मुख्यमन्त्री यादवको स्पष्टीकरण

काठमाडौं, १२ वैशाख (रासस)। मधेश प्रदेश सरकारका मुख्यमन्त्री सरोजकुमार यादवले उपनिर्वाचनका दिन आफू कुनै उम्मेदवारको पक्ष विपक्षमा नभइ नातेदारको आमन्त्रणमा बारा क्षेत्र नं २ को पचरौता नगरपालिकामा गएको निर्वाचन आयोगलाई स्पष्टीकरण दिनुभएको छ। आयोगले उहाँलाई यही वैशाख १० गतेको उपनिर्वाचनको स्वच्छता, स्वतन्त्रता र निष्पक्षतामा प्रतिकूल असर पर्ने गरी अनुमतिबिना निर्वाचन आचारसंहिता विपरीत कार्य गरेको सम्बन्धमा उक्त दिन स्पष्टीकरण सोधेको थियो।

मुख्यमन्त्री यादवले आयोगमा पेस गरेको स्पष्टीकरणमा उहाँले आफूले निर्वाचन प्रयोजनका लागि नभइ त्यहाँ व्यक्तिगत कामले गएकोमा सरकारी गाडी प्रयोग नगरी मुख्य निर्वाचन अधिकृतबाट स्वीकृति लिएको निजी गाडी प्रयोग गरेकाले निर्वाचन आचारसंहिताको उलङ्घन हुने कुनै पनि कार्य नगरेको स्पष्ट पार्नुभएको छ।

## एउटै पालिका तीन फरार प्रतिवादी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १२ बैशाख।**

सप्तरी प्रहरीले कुटपिट मुद्दाका फरार एउटा पालिकाका तीन प्रतिवादीलाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा जिल्लाको रुपनी गाउँपालिका ३ का धर्मदेव यादव, जिवानन्द यादव र कबिर खंग रहेका छन्। प्रहरीका अनुसार धर्मदेवलाई ३३/३३, जिवानन्दलाई ३३/३३ र कबिरलाई २४५१/३३ रकम जरिवना तोकिएको थियो।

जिल्लाको प्रहरी चौकी पत्थरगाढाबाट खटेको टोलीले उनीहरुलाई सोमबार पक्राउ गरि जिल्ला अदालत राजविराजमा बुझाइएको जनाइएको छ।

## ब्याट्रि पडकिएर कारमा आगलागि

**दैनिक समाचारदाता**
**राजविराज, १२ बैशाख।**

सप्तरीको खडक नगरपालिका ४ अमाह पुल नजिक जन्ती जाँदै गरेको कारको ब्याट्री पडकेर आगलागि हुँदा कारको इन्जिनमा क्षति भएको छ।

पूर्वपश्चिम राजमार्गमा पूर्वबाट पश्चिम रुपनिबाट कडरबोनातर्फ मंगलबार जन्ती जाँदै गरेको बा.१६च.३२६८ न.को कारको ब्याट्री पड्केर आगलगि हुँदा ईन्जनको भागमा क्षति भएको प्रहरीले जनाएको छ।

सो आगलागिबाट कुनै मानवीय क्षति नभएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# चितवनबाट रास्वपाका लामिछाने ४२ हजार ९ सय ६२ मतान्तर तथा तनहुँबाट डा. वाग्ले बिजयी

**दैनिक समाचारदाता**
**काठमाडौं, १२ वैशाख।**

चितवन २ बाट राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने ४२ हजार ९ सय ६२ मातान्तरले बिजयी भएका छन्।

लामिछानेले ५४ हजार १ सय ७६ मत ल्याए भने उनका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका जीतनारायण श्रेष्ठले ११ हजार दुई सय १४ मत प्राप्त गरे। यस्तै नेकपा (एमाले) का रामप्रसाद न्यौपानेले १० हजार ९ सय ३६ मत तथा राप्रपाका जीवलाल पुरीले ३ सय ७५ मत प्राप्त गरेका छन्।

चितवन २ मा ७८ हजार ६ सय ६४ मत खसेको थियो। जसमध्ये एक हजार एक सय ९८ बदर भई ७७ हजार चार सय ६६ सदर भएको थियो। सो क्षेत्रमा ४३ स्थलका एक सय ३८ केन्द्रमा मतदान गरिएको हो। यस क्षेत्रमा एक लाख २४ हजार छ सय ९५ मतदाता रहेका थिए।

ती मध्ये ६३ हजार दुई सय ९१ महिला, ६१ हजार ४०३ पुरुष र एक तेस्रो लिङ्गी रहेका थिए। गत मङ्सिरमा सम्पन्न निर्वाचनमा समेत विजयी लामिछानेले त्यतिबेला ४९ हजार दुई सय ६४ मत प्राप्त गरेका थिए। नेपाली कांग्रेसका उमेश श्रेष्ठले १४ हजार नौ सय ८३, एमालेका कृष्णभक्त पोखरेलले १४ हजार छ सय ४७ र राप्रपाका रवीन अधिकारीले नौ सय ५५ मत प्राप्त गरेका थिए।

यस्तै तनहुँ १ को प्रतिनिधिसभा सदस्य पदमा राष्ट्रिय स्वतन्त्र पार्टीकै डा स्वर्णिम वाग्ले निर्वाचित भएका छन्। मंगलबार बिहान सम्पन्न मतगणनाअनुसार उनले ३४ हजार ९ सय ११ मत प्राप्त गरे।

उनको प्रतिस्पर्धी नेपाली कांग्रेसका गोविन्द भट्टराईले २० हजार एक सय २२, नेकपा (एमाले)का सर्वेन्द्र खनालले ८ हजार ४ सय ८८ मत प्राप्त गरे।

निर्वाचनमा ६५ हजार ३ सय १६ मत खसेकामा ६४ हजार १ सय ३५ मत सदर भएको थियो भने एक हजार एक सय ८१ मत बदर भएको थियो।

तनहुँ १ का प्रतिनिधिसभा सदस्य नेपाली कांग्रेसका रामचन्द्र पौडेल राष्ट्रपति पदमा निर्वाचित भएपछि रिक्त यस स्थानमा आइतबार निर्वाचन भएको थियो।

## सदा झुण्डिएको अवस्थामा मृत फेला

**दैनिक समाचारदाता**
**राजविराज, १२ बैशाख।**

सप्तरीको कंचनरुप नगरपालिका ४ जगतपुर मुसहरी टोलमा एक युवक पासो लगाई झुण्डिएको अवस्थामा फेला परेका छन्।

प्रहरीका अनुसार स्थानिय ३५ वर्षिय मनोज सदा आफ्नो घर भन्दा ५ सय मिटर पुर्वस्थित नहरको छेउमा शम्भु सदाले खेत बालि रेखदेखका लागि बनाईएको फुसको छाप्रोको बाँसको बल्लोमा तन्ना च्यातेको कपडाले पासो लगाई झुण्डिएको अवस्थामा मृत फेला परेको हो।

मंगलबार बिहान उनी झुण्डिएर मृत अवस्थामा स्थानियबासिले देखेपछि प्रहरीलाई खबर गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

यसअघि सोमबार जिल्लाको डाक्नेश्वरी नगरपालिका ७ ब्रहमपुर स्थानिय धर्मेन्द्र साहकी ३० वर्षिया श्रीमती झुण्डिएको अवस्थामा फेला परेकी थिइन्।

यता जिल्लामा अढाई महिनाको अवधीमा विष सेवन र झुण्डिएर आत्महत्या गर्नेको संख्या २७ पुगेको छ। जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार चालु आ.व. २०७९/८० को हालसम्मको अवधीमा भने विष सेवन र झुण्डिएर आत्महत्या गर्नेको संख्या ८६ पुगेको छ।

गत आर्थिक वर्ष ०७८/०७९ मा विष सेवन तथा झुण्डिएर १ सय ३६ जनाले आत्महत्या गरेको प्रहरी तथ्याङ्कले देखाएको छ।

## आगलागिमा घर र गाइगोठ नष्ट

**दैनिक समाचारदाता**
**राजविराज, १२ बैशाख।**

सप्तरीको खडक नगरपालिका १० फुलबरिया टोलमा मंगलबार आगलागि हुँदा दुई जनाको घर र गाइगोठमा आगलागि भएको छ।

आगलागिबाट मो. कासिम मियाँको घरमा रहेको अन्नपात, लताकपडा, भाडाबर्तन, सरसमान गरि एक लाख साठी हजार तथा मो.जाकिर मियाँ, मो.जयाउल मियाँ र मो. रियाजुल मियाँको समुहिकमा रहेको गोठ घरमा आगलगी हुदा पचास हजार मुल्य गरि दुई लाख दस हजार बराबरको क्षती भएको प्रहरीले जनाएको छ।

सो आगलागिमा मानविय तथा चौपाया क्षती नभएको तथा प्रहरी, शम्भुनाथ नगरपालिकाको दमकल र स्थानियवासीको सहयोगमा आगो नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- बिहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा बिहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**सप्तकोशी नगरपालिका, सप्तरी**

# ‘फ्लाई दुबई’ को जहाजमा चरा ठोक्किएको पुष्टि भएको छैन : पर्यटनमन्त्री किराती

काठमाडौँ, १२ वैशाख (रासस)।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले प्राविधिक समस्या देखिएको ‘फ्लाई दुबई’को जहाजमा चरा ठोक्किएको भन्ने कुरा अहिलेसम्म पुष्टि नभएको बताउनुभएको छ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट गएराति उडेलगत्तै फ्लाई दुबईको जहाजबाट ठूलो आवाजसहित आगोको झिल्का देखिएको थियो।पर्यटनमन्त्री किरातीले भन्नुभयो- “जहाजमा चरा ठोक्किएको कुरा अहिलेसम्म प्रमाणित नभएको सबैमा स्पष्ट गर्दछु।”

विमानचालकले फ्लाई दुबईको जहाजधादिङको धार्केमाथिको आकाशमा केहीबेर फन्को लगाइ ‘होल्ड’ गरेर विमानको सबै इन्डिकेटरको चेकजाँच गरेपछि थप समस्या नदेखिएकाले उडानलाई निरन्तरता दिने निर्णय लिएका थिए। विमानस्थलको टावरका एटिसीले पनि उक्त जहाजलाई गन्तव्यतर्फ उड्न अनुमति दिएका थिए।प्राविधिक समस्या देखिएको उक्त जहाज दुबई अन्तर्राष्ट्रिय विमानस्थलमा सकुशल अवतरण गरेको फ्लाई दुबईले जनाएको छ।

यसैबीच, नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणले सोमबार राति काठमाडौँबाट दुबईका लागि उडेको फ्लाई दुबईको जहाजमा चरा ठोक्किएको विषय पुष्टि हुन नसकेको जनाएको छ।

प्राधिकरणका प्रवक्ता जगन्नाथ निरौलाले जहाजमा चरा ठोक्किएको अहिलेसम्म पुष्टि नभएको बताउनुभयो। “विमानस्थलमा निरीक्षणका क्रममा यसको पुष्टि हुन सकेको छैन”, उहाँले भन्नुभयो। यसअघि फ्लाई दुबईले जहाजमा सम्भावित रूपमा चरा ठोक्किएको हुन सक्ने भन्दै ट्विट गरेको थियो।

“नेपालमा दर्ता नभएको जहाज भएकाले फ्लाई दुबईको जहाजको अध्ययन सम्बन्धित मुलुकले गर्नेछ। नेपालका तर्फबाट जानकारी गराइसकेका छौँ, जहाजमा चरा ठोकिएको पुष्टि भएको छैन, के भएको हो भन्ने विषय अनुसन्धानका क्रममा पत्ता लाग्ला। सहजीकरणका लागि प्राधिकरण तयार छ”, प्रवक्ता निरौलाले भन्नुभयो।

विमानस्थलको धावनमार्ग र आसपास निरीक्षण गर्दा चरा नभेटिएकाले घटना के कारणले भएको हो भन्ने अहिले पुष्टि गर्न नसकिने उहाँको भनाइ छ। प्राधिकरणका अनुसार एफजेड ५७६ जहाजको पाइलटले असामान्य अवस्थाबारे विमानस्थललाई जानकारी गराएका थिए। त्यसपछि प्राधिकरणले सबै आपत्कालीन प्रावधानको प्रबन्ध गरेको थियो।

उडिरहेको जहाजमा प्राविधिक समस्या आएपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरणका लागि आवश्यक तयारी गरिएको थियो। तर, पाइलटले मेनुअल परीक्षणपछि उडानलाई निरन्तरता दिने निर्णय लिएपछि जहाज गन्तव्यतर्फ उडेर सकुशल अवतरण भएको प्राधिकरणले जनाएको छ।जहाजको अवस्थाबारे कम्पनीले प्राधिकरणलाई रिपोर्टिङ गर्नेछ। तत्पश्चात् मात्रै जहाजमा भएको समस्याको कारण खुल्ने बताइएको छ।

# फ्लाई दुबईको जहाजमा देखिएको समस्या के हो ?

**सिबी अधिकारी**

काठमाडौँ, १२ वैशाख (रासस)।

सोमबार राति त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट दुबईका लागि उडान भरेको फ्लाई दुबईको जहाजको इञ्जिनमा खराबी देखियो। विमानस्थलबाट उडानभरेलगत्तै एफजेट ५७६ उडान नम्बरको ‘बोईङ७३७-८००’ जहाजको इञ्जिनमा ठूलो आवाजसहित आगोको मुस्लो देखियो।

विमान चालक (पाइलट)ले जहाजलाई धादिङको धार्केमाथिको आकाशमा करिब २१ हजार फिट उचाइमा झण्डै ११ मिनेट जहाज आकाशमा ‘होल्ड’ (फन्को लगाएर) गरेर जहाजको इञ्जिनको ‘कन्डिसन’ जाँच गरे। जहाजको सिङ्गल इञ्जिन खराब भएपछि आकाशमा होल्ड गरेर जाँच गरिएको थियो। त्यतिन्जेलसम्म त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थमा आकस्मिक अवतरणका लागि सबै संयन्त्र तैनाथ भइसकेका थिए।

फ्लाई दुबईको जहाज कोटेश्वरको आकाशमा विस्फोटको आवाजसँगै इञ्जिनमा आगो देखिएपछि उक्त जहाजका पाइलटले काठमाडौँ विमानस्थलको टावरलाई जहाजको बायाँ इञ्जिनमा आगलागी भएको जानकारी दिएका थिए। उक्त जहाजको सबै इण्डिकेटरको चेक गरेपछि पाइलटले थप समस्या नदेखिएकाले उडानलाई निरन्तरता दिने निर्णय लिएका थिए।

विमानस्थलको टावरका एटिसीले पनि उक्त जहाजलाई गन्तव्यतर्फ उड्न अनुमति दिएका थिए। जहाजले सामान्य रूपमा उडान भरेर दबईको ‘दुबई इन्टरनेशनल एयरपोर्ट’ मा सकुशल अवतरण गऱ्यो। फ्लाई दुबई र त्यहाँको नियामक निकायले जहाज अवतरण गरेको सन्देश दिए। नेपाली समय अनुसार राति २ बजे (स्थानीय समय अनुसार १२ बजेर ११ मिनेटमा) उक्त जहाजले दुबईमा सफल अवतरण गरेको थियो। उक्त जहाजमा एक सय ६८ यात्रु सवार थिए।

यसरी जहाजमा विमानस्थलबाट उड्नेवित्तिकै ठूलो आगोको मुस्लो निस्किएको विषय अझै जनमानसमा कौतुहलताको विषय बनिरहेको छ।

फ्लाई दुबईको जहाजमा के भएको हो भन्ने विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्चारमाध्यम र सामाजिक सञ्जालमा विभिन्न अनुमान सार्वजनिक भएका छन्।

जहाजमा चरा ठोक्किएर विष्फोट भएको भन्ने हल्ला फैलिएको छ। यसबारे नेपालको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणले बाहिर आएको हल्लाजस्तो जहाजमा चरा ठोक्किएको पुष्टि नभएको जनाएका छन्। तथापि, दुबईको ‘गभरमेन्ट अफ फ्लाई दुबई मिडिया अफिस’ले भने सामाजिक सञ्जालमा पोष्ट गर्दै उक्त जहाजमा चरा ठोक्किएर विष्फोट भएको दाबी गरेको छ।

यसै सन्दर्भमा लामो समय जहाजको मर्मतसम्बन्धी अनुभव रहेका जहाज मर्मतसम्बन्धी इञ्जिनियर एमके श्रेष्ठले सोमबार फ्लाई दुबईको जहाजमा देखिएको प्राविधिक समस्या सामान्य रहेको र यस किसिमको घटना विगतमा पनि हुने गरेको बताउनुभयो।

उहाँले भन्नुभयो, “फ्लाई दुवईको जहाजमा भएकोजस्तो घटना सामान्य हो, यसमा अत्तिनुपर्दैन, यस्ता प्रकृतिका घटना विगतमा पनि हुने गरेको थियो। विगतमा एकदेखि दुई पटकसम्म मात्र ठूलो आवाज सुनिन्थ्यो। तर, यस पटक भने चार पटकसम्म ठूलो आवाजसहित आगोको मुस्लो बाहिर आउने घटना भने गम्भीर भएको सङ्केत हो। अनुसन्धान नगरी थप बोल्न मिल्दैन।”

नेपाल वायु सेवा निगम (नेपाल एयरलाइन्स) का एक वरिष्ठ पाइलटका अनुसार कुनैपनि जहाजमा प्राविधिक समस्या देखिएपछि ‘स्ट्यानन्डर्ड अपरेटिङ प्रोसिडर’ हुन्छ। त्यसअनुरुप ‘चेकलिष्ट फलो गरिन्छ’ त्यसपछि सबै चिज नर्मल भएपछि मात्रै अपरेटिङ गरिन्छ।

“जहाजको इञ्जिनको बाहिरबाट हेर्दा आगो देखिन्छ। यदि चरा छिरेको रहेछ भनेपनि त्यो आगो भएर बाहिर निस्कन्छ। कपपिटभित्रका पाइलटले सबै उपकरण जाँच गरेर ठीक छ भनेपछि मात्रै जहाज उडाउने निर्णय लिन्छन्”, उहाँले भन्नुभयो, “जहाजको इञ्जिनलगायत कुनैपनि समस्या आएमा ‘फ्लाइट सेफ्टी स्ट्यान्डर्स’ अनुरुप ‘चेकलिष्ट फलो’ गरिन्छ, त्यसपछि ‘एसओपी’ हुन्छ। रिस्कको प्यारामिटर जाँच गरेपछि पाइलटले निर्णय लिन्छन्।”

निगमका ती वरिष्ठ पाइलटको भनाइमा जहाजको इञ्जिनबाट आवाजसहित आगो निस्कने दुई अवस्थामा हुन्छ, पहिलो चरा वा कुनैपनि सामान इञ्जिनभित्र पसेर हुन्छ भने अर्को जहाजको इञ्जिनको कम्प्रेसर स्टल भएर वा इञ्जिनकै प्राविधिक समस्या भएर आगो निस्कन्छ’।

इञ्जिनियर श्रेष्ठ भने इञ्जिनमा हावाको कमी हुँदा अर्थात् ‘कम्प्रेसर स्टल’ भएमा पनि ठूलो आवाजसहित आगोको मुस्लो बाहिर आउको उल्लेख गर्नुभयो। उहाँका अनुसार जहाजको इञ्जिनको मुखमा चरा पसेको वा हावामा उडिरहेको कागजको टुक्रा परेमा पनि विष्फोट गराउनसक्छ। “सानो कागज मात्रै पनि इञ्जिनमा परेमा पड्किन्छ। कम्प्रेसरबाट हावा आवश्यकता अनुसार नहुँदा कहिलेकाहीँ यस्तो आवाजसहित आगो निस्कन्छ”, श्रेष्ठले भन्नुभयो। जहाज उड्नेवित्तिकै ठूलो आवाजसहित आगोको मुस्लो निस्किएको समयमा जहाज ‘थर्थराउछ’ र पूरै हल्लिन्छ। यस्तो अवस्थामा इञ्जिनको पछाडिबाट आगोको ज्वाला निस्कने उहाँको भनाइ छ।

हावा र इन्धनको ‘रेसियो’ नमिलेकाले विष्फोटको आवाज आएको विज्ञहरूको अनुमान छ। विज्ञका अनुसार जहाजको इञ्जिन चालु हुँदा आगो बलिरहेकै हुन्छ। आगोले नै इञ्जिनलाई पावर दिनु सामान्य कुरा हो। यस्तो बेला पाइलटले होसियारी अपनाउनुपर्छ।

उडिरहेको जहाजको इञ्जिन खराब भएको भए काठमाडौँ विमानस्थलमा अवतरण गर्नुपर्ने अवस्था हुन्थ्यो। जहाजको सबै ‘पारामिटर नर्मल’ भएमा उडानलाई निरन्तरता दिने पाइलटले निर्णय लिएको देखिन्छ। यस्तो अवस्थामा पाइलटको निर्णय नै अन्तिम निर्णय हुन्छ। पाइलटले होसियारीपूर्वक पारामिटरको चेकजाँच गरेपनि जहाजलाई गन्तव्यतिर लगेको देखिन्छ। जहाजमा प्राविधिक समस्या देखिनासाथ पाइलटले जहाजलाई फन्को लगाएर ‘इन्डिकेटर र पारामिटर’ चेकजाँचपछि उडान गर्नसक्ने श्रेष्ठको भनाइ छ।

**आपत्कालीन अवतरणका लागि सबै संयन्त्र सक्रिय**

उडिरहेको वा उडान भर्नासाथ जहाजमा प्राविधिक समस्या देखिएमा जहाजको तत्कालै होल्ड गरेर इण्डिकेटर जाँच गरेपछि जहाजको इञ्जिन फेल भएको खण्डमा आपतकालीन अवतरण गर्नुपर्छ। सोमबारको घटनामा जहाजको सबै इण्डिकेटरले काम गरेकाले गन्तव्यतिर लगिएको हो। अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (आइकाओको) म्यानुअल अनुसार जहाजबारे अनुसन्धान गर्नुपर्ने हुन्छ। उक्त अनुसन्धानपछि मात्रै के कारणले घटना घटेको भन्ने बाहिर आउने उहाँले बताउनुभयो।

नेपाल नागरिक उड्ययन प्राधिकरणका प्रवक्ता जगन्नाथ निरौलाका अनुसार चराको जोखिम नियन्त्रणका लागि सिकारीको व्यवस्था गरिएको छ। उहाँले जहाजमा चरा ठोक्किँएको अहिलेसम्म पुष्टि नभएको बताउनुभयो। “नेपालमा दर्ता नभएको जहाज भएकाले फ्लाई दुबईको जहाजको अध्ययन सम्बन्धित मुलुकले गर्नेछ। नेपालको तर्फबाट जानकारी गराईसकेका छौँ, जहाजमा चरा ठोक्किएको पुष्टि भएको छैन, के भएको हो भन्ने विषय अनुसन्धानले पत्ता लाग्ला सहजीकरणका लागि प्राधिकरण तयार छ”, प्रवक्ता निरौलाले भन्नुभयो।

उहाँले विमानस्थलको धावनमार्ग र आसपास निरीक्षण गर्दा चरा नभेटिएकाले घटना के कारणले भएको हो भन्ने अहिले पुष्टि गर्न नसकिने उल्लेख गर्नुभयो। प्राधिकरणका सहायक प्रवक्ता ज्ञानेन्द्र भुलका अनुसार सोमबार जहाजको इञ्जिनमा खराबी आएपछि आकस्मिक अवतरणको तयारी गरिएको थियो। अवतरणका क्रममा रहेका विमानलाई राति ९:२० मिनेटदेखि ९:५९ सम्म आकाशमा होल्ड गरिएको थियो। विमानस्थलमा दमकल, ‘लोकल स्ट्याण्डबाई’ गरियो। यो भनेको कुनै जहाजले खराबी देखिए इमर्जेन्सी भनी घोषणा गरेपछि आकिस्मक अवतरणका लागि गरिने अभ्यास र तैनाथ संयन्त्र हुन्।

दमकलसहित सवारी साधान, सुरक्षाकर्मी, अस्पताल सबै तयारी अवस्थामा राखिएको थियो। पाइलटले जहाज गन्तव्य पुग्छ भन्ने घोषणा गरेपछि विमानस्थलले सबै उडान खुलाइएको थियो। जहाजका सम्बन्धमा नेपालको एटिसीसँग सोधपुछ गर्न सक्छन्। नेपालमा अवतरण भएको भए यहाँ प्राविधिक समिति गठन गरेर अनुसन्धान गर्नुपर्ने हुन्थ्यो। तर जहाज दुबईमै अवतरण भएकाले दुबईको सिभिल एभिएसन अथ्योरिटीले प्राविधिक समिति बनाएर जहाजको अनुसन्धान गर्ने प्राधिकरणले जनाएको छ।

आगो लागेपछि जहाजको इञ्जिन बन्द गरिन्छ। सिङ्गल इञ्जिनमा जहाज उड्छ तर गति कम हुन्छ। गन्तव्य पुग्न दोब्बर समय लाग्ने सहायक प्रवक्ता भुलले जानकारी दिनुभयो। विमानस्थलको टावरका एटिसीले विमानचालक (पाइलट) सँग कम्युनिकेसन गरेपछि जहाज सामान्यतवरले गन्तव्यतर्फ उडेको महाप्रबन्धक तिवारीको भनाइ छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# ‘अर्थतन्त्र सुधारका लागि सत्ता र प्रतिपक्षको भाव नबोकौं’

काठमाडौं, १२ वैशाख (रासस)।

सांसद धनराज गुरुङले मुलुकको अर्थतन्त्रमा देखिएको समस्या समाधान गर्न सत्तापक्ष र प्रतिपक्षले एकबताबद्ध भएर सामूहिक प्रयत्न गर्नुपर्ने बताउनुभएको छ।

प्रतिनिधिसभाको मंगलबारको बैठकको विशेष समयमा उहाँले मुलुक आर्थिक महासङ्कटमा परेकाले यस्तो अवस्थामा सबैले आ–आफ्नो तर्फबाट सहयोग गर्नुपर्ने बताउनुभयो।

“सत्ता र प्रतिपक्षको भाव बोकेर होइन, एक ठाउँमा बसेर काम गर्नुपर्छ”, उहाँले भन्नुभयो, “समाधानको उपाय खोज्नुपर्छ, पुँजीगत खर्च कटौती गर्न खोजिएको आभाष भएको छ, पुँजीगत खर्च कटौती गरेर मुलुकलाई उभोगतितर्फ लैजान सकिँदैन।”

वन व्यवस्थापन कार्यविधि बनाएर वन जङ्गलमा रहेका पुराना काठ बिक्री गरेर भए पनि अर्थतन्त्रलाई टेवा दिनुपर्ने जनाउँदै उहाँले नेपालमा उपलब्ध निकासीजन्य वस्तुलाई यो अवस्थामा प्रयोग नगरे कहिले गर्ने ? भन्दै प्रश्न गर्नुभयो। भ्रष्टाचार मुलुकको आर्थिक समृद्धिमा बाधक रहेको भन्दै सांसद गुरुङले भ्रष्टाचार नियन्त्रणमा ध्यान दिन सरकारसँग आग्रह गर्नुभयो।

सांसद भीमप्रसाद आचार्यले नेपालको संविधानले तीन खम्बे अर्थनीतिको परिकल्पना गरेको भन्दै सहकारी तथा लघुवित्त क्षेत्रमा देखिएको समस्या समाधान गर्न सरकारले ध्यान दिन नसकेको बताउनुभयो। रुपान्तरणकारी आयोजनाको निर्माण गर्न तोकिएको भन्दा धेरै समय लाग्दा राजस्व सिर्जनाको वातावरण नबनेको भन्दै उहाँले त्यस्ता परियोजना समयमै सम्पन्न गर्न ध्यान दिनुपर्ने बताउनुभयो।

सांसद महेन्द्रबहादुर शाहीले मुलुकका बारेमा सदनदेखि सडकसम्म बहस भइरहँदा दिनप्रतिदिन अवस्था खस्किरहेको भन्दै उहाँले चिन्ता व्यक्त गर्नुभयो। सङ्घीय व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्न सङ्घीय ऐन बनाउन सरकारले ध्यान दिनुपर्नेमा जोड दिँदै उहाँले निजामती, प्रहरीलगायत विधेयक तत्काल संसद्मा ल्याउन माग गर्नुभयो।

उहाँले भन्नुभयो, “संसद् भाषणवीरहरू जन्माउने थलोको रूपमा विकास हुँदैछ। तर यहाँ चाहिएको काम हो। संसद् प्रभावकारी बनाउन समितिको गठन तत्काल हुनुपर्छ। संसद् ‘विजनेसविहीन’ भएको छ। निजामति, प्रहरी र प्राकृतिक साधन स्रोत बाँडफाँडसम्बन्धी विधेयक पेश गर्न जरुरी छ।”

सांसद अशोककुमार चौधरीले बाध्यकारी वैदेशिक रोजगारीलाई अन्त्य गरी स्वदेशमा रोजगारी सिर्जना गर्नुपर्ने बताउनुभयो। श्रम बेचेर कहिलेसम्म देशको अर्थतन्त्र धान्ने हो भन्दै उहाँले रोजगारी सिर्जना गर्ने कार्यक्रम ल्याउन माग गर्नुभयो।

सांसद विक्रम पाण्डेले चितवनका जनताले बर्सेनि बाढीको जोमिख व्यहोर्दै आएकाले नारायणी तथा राप्ती नदीको तटबन्ध कार्यक्रमलाई छिटो सम्पन्न गर्न आग्रह गर्नुभयो। उहाँले आउने वर्षामा पश्चिम चितवन र माडी जोखिममा रहेकाले समयमै साधन स्रोतको व्यवस्था गरी आधुनिक तटबन्धन गराउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद रेखा यादव देशको पहरेदार भएर काम गरिरहेका सुरक्षाकर्मीलाई तत्काल तलब दिन सरकारसँग माग गर्नुभयो। उहाँले सांसदको तलब प्रहरीलाई दिन र प्रहरीको तलब आफूहरूलाई दिन प्रस्ताव गर्नुभयो।

सांसद भानुभक्त जोशीले नेपाल कृषिप्रधान मुलुक भए पनि खाद्य सामग्री विदेशबाट आयात भएको, उत्पादनमा संलग्न हुनुपर्ने युवा जनशक्ति विदेशिएको अवस्थामा आगामी वर्षको बजेट निर्माण गर्दा सांसद र विज्ञसँग छलफल गर्न आग्रह गर्नुभयो।

सांसद विनिताकुमारी सिंहले सिरहाको लक्ष्मीपुरमा रहेका प्राचीन पोखरीलाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो। सांसद सर्वेन्द्रनाथ शुक्लाले सरकारले पाँच वर्षमा कृषि उत्पादन दोब्बर गर्ने लक्ष्य लिएको भए पनि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले सो लक्ष्य पूरा गर्ने गरी काम गर्न नसकेको बताउनुभयो।

सांसद लालवीर चौधरी थारु समुदाय सिकलसेल एनिमियालगायत रोगबाट प्रभावित रहेकाले सो रोगको उपचार तथा नियन्त्रणमा ध्यान दिन आग्रह गर्नुभयो।सांसद प्रेम सुवालले किसानलाई समयमै मल उपलब्ध गराउन माग गर्नुभयो।

# तराईबाट पहाड र हिमाल चढ्दै औलो

काठमाडौं, १२ वैशाख (रासस)।

‘शून्य औलो अबको थालनी; नवीनतम कार्य, कार्यान्वयनमा लगानी’ भन्ने नारासहित मंगलबार विश्व औलो दिवस नेपालमा पनि विविध जनचेतनामूलक कार्यक्रम गरी मनाइँदै छ।

विश्व स्वास्थ्य सङ्गठनको आह्वानमा सन् २००८ देखि यसका सदस्य राष्ट्रले अप्रिल २५ लाई विश्व औलो दिवसका रूपमा मनाउँदै आएका छन्। नेपालले विश्व समुदायमा गरेको प्रतिबद्धताअनुसार सन् २०२५ सम्म औलो निवारण गर्ने अतिमहत्वकाङ्क्षी लक्ष्य लिएको छ। सो लक्ष्यअनुसार औलो निवारण गर्न नेपालसँग मात्र तीन वर्षको समयसीमा बाँकी छ। यसमा पनि स्थानीय औलोका बिरामी र औलोबाट हुने मृत्युलाई शून्यमा झार्ने स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको लक्ष्य निर्धारण गरेको छ।

स्वास्थ्य सेवा विभाग, इपिडीमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, एनटिडी तथा किटजन्य रोग नियन्त्रण शाखा प्रमुख डा गोकर्ण दाहाल औलो रोग निवारण गर्न आयातित औलो चुनौतीका रूपमा रहेको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, “पछिल्लो समय औलोको जोखिम तराईमा मात्र होइन, पहाड र हिमाली क्षेत्रमा समेत देखिएको छ। यसमा पनि सुदूरपश्चिम र कर्णाली प्रदेशका जिल्लामा बारम्बार औलोका बिरामी भेटिएका छन्।”

उहाँका अनुसार आयातित औलो निवारण नै नेपालका लागि मुख्य चुनौती हो। यसबाहेक पनि औलोको परीक्षण नहुनु, भारतसँगको खुला सिमाना र भौगोलिक विकटता औलो निवारणका चुनौती हुन्। उहाँले भन्नुभयो, “चुनौतीका बाबजुद यस वर्षदेखि लगातार तीन वर्ष स्थानीय औलोका बिरामीको सङ्ख्या शून्यमा झार्न लागिपरेका छौं।”

नेपालमा विगत एक सय वर्षदेखि औलोको समस्या देखिँदै आएको जनाइएको छ। यस रोगका बिरामीमा पक्षघात र मष्तिस्काघातको जोखिम हुने गर्दछ। शाखा प्रमुख डा दाहालका अनुसार सन् २०२२ मा औलोका पाँच सय १२ बिरामी भेटिएका थिए। तीमध्ये चार सय ७६ बिरामी अन्य देशबाट औलो सङ्क्रमित भएर आएका र बाँकी ३६ स्थानीय बिरामी रहेका थिए।

सन् २०१५ सम्म हजारभन्दा माथि औलोबाट प्रभावित भएका थिए। सन् २०१६ मा औलोबाट तीन जनाको अकाल मृत्यु भएको थियो। सन् २०२१ सम्म एक जनाको मृत्यु भयो। औलोको धेरै बिरामी सुदूरपश्चिम, लुम्बिनी र कर्णाली प्रदेशमा भेटिँदै आएको शाखाको तथ्याङ्कमा उल्लेख छ।

चिकित्सकका अनुसार औलो एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने सरुवा रोग हो। औलो सङ्क्रमित ‘एनोफिलस’ जातको पोथी लामखुट्टेको टोकाइबाट लाग्ने रोग हो। शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका डा शेरबहादुर पुन भन्नुहुन्छ, “औलो सामान्य र कडा लक्षणसहितका हुन सक्छन्। औलो सङ्क्रमण भएको सातदेखि ३० दिनसम्म औलोको लक्षण देखिन सक्छ।” उहाँका अनुसार सामान्यतया ज्वरो आउने, टाउको दुख्ने, वाकवाक लाग्ने, वान्ता हुने लक्षण देखिन्छ। लक्षण देखिएका व्यक्तिले तत्काल स्वास्थ्य परीक्षण गराउन उहाँको सुझाव छ।

उहाँका अनुसार ‘फाल्सिफारम’ र ‘भाइभेक्स’ औलो धेरै देखिने गरेको छ। फाल्सिफारम बढी घातक मानिन्छ। उहाँका अनुसार औलोका कारण गम्भीर स्वास्थ्य समस्या र बिरामीको मृत्युको जोखिमसमेत हुन्छ। डा पुन भन्नुहुन्छ, “औलो सङ्क्रमितलाई जाडो, गर्मी र पसिना आउने तीन चरण देखिन्छ। औलो कडा हुँदै गएमा जन्डिस देखापर्छ, कलेजो सुनिन्ने, मिर्गौला र श्वासप्रश्वासमा समस्या देखिएर मृत्युसम्मको जोखिम हुन्छ।” फाल्सिफारमका लागि औलोविरुद्ध औषधिको प्रयोगबाट औलोको उपचार गरिन्छ। गर्मी र वर्षायाममा लामखुट्टेको टोकाइबाट बच्न चिकित्सकको सुझाव छ।

# ‘भ्रम’ फैलाउने फ्लाई दुवईका दुई कर्मचारीलाई विमानस्थल प्रवेशमा रोक

**दैनिक समाचारदाता**
**काठमाडौं, १२ बैशाख।**

नागरिक उड्डयन प्राधिकरणले सोमबार राति काठमाडौंबाट दुवईका लागि उडेको जहाजमा चरा ठोक्किएको भन्ने भ्रमपूर्ण समाचार दिएको भन्दै दुई अधिकारीलाई विमानस्थल प्रवेशमा रोक लगाएको जनाएको छ।

फ्लाई दुवईका कन्ट्री म्यानेजर र विमानस्थल म्यानेजरलाई विमानस्थल प्रवेशमा रोक लगाई उनीहरुको विमानस्थल प्रवेश पास निस्क्रिय पारिएको जनाएको छ।

सामाजिक सञ्जालमार्फत् प्राधिकरणले यस्तो जनाएको छ। काठमाडौंबाट दुवईका लागि सोमबार बेलुका उडेको विमानमा उड्नासाथ समस्या देखिएको भए पनि पछि सबै ‘प्यारामिटर’ नर्मल रहेको भन्दै गन्तव्यतर्फै लागेको थियो।

काठमाडौंबाट सोमबार बेलुका ९ बजेर २० मिनेटमा उडेको जहाजबाट ‘ठूलो आवाज’ आएको थियो। काठमाडौंका स्थानीयले ‘पड्किएको आवाज’ सुनेको बताएका थिए।

त्रिभुवन विमानस्थलका प्रवक्ता टेकनाथ निरौलाका अनुसार जहाज उड्नासाथ समस्या आएको भन्दै

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

### युद्धरत पक्ष युद्धविरामका लागि सहमत

खार्तुम, १२ वैशाख (रासस/एएफपी)।

सुडानमा युद्धरत पक्षबीच युद्धविरामको सहमति भएको छ। संयुक्त राज्य अमेरिकाको मध्यस्थतामा सुडानी सशस्त्र बल (एसएएफ) र ऱ्यापिड सपोर्ट फोर्सेस (आरएसएफ) ७२ घण्टा युद्धविराम गर्न सहमत भएका हुन्। सोमबार मध्यरातदेखि युद्धविराम लागू भएको छ। सङ्घर्षरत दुवै पक्षले युद्धविराम पालना गर्ने प्रतिबद्धता जनाएका छन्। अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिङ्केनले ४८ घण्टा लामो वार्तापछि सुडानी सेना र अर्धसैनिक ऱ्यापिड सपोर्ट फोर्स आरएसएफबीच सम्झौता भएको बताउनुभएको छ। यही वैशाख २ गतेदेखि प्रारम्भ भएको द्वन्द्वमा चार सयभन्दा बढीको मृत्यु भइसकेको छ। जारी युद्धका कारण हजारौं घाइते भएका छन्भने ठूलो सङ्ख्यामा विदेशीहरू पलायन भएका छन्। यसअघिका युद्धविरामका प्रयास असफल भएका थिए। राष्ट्रसङ्घीय निकायहरूले चार सय २७ जना मारिएका तथा तीन हजार सात सयभन्दा बढी घाइते भएका जनाएका छन्। युद्धमा खार्तुमस्थित इजिप्सेली दूतावासका प्रशासन सहायक एक कर्मचारीको मृत्यु भएको इजिप्टको विदेश मन्त्रालयले पुष्टि गरेको छ। उनी घरफिर्तीको प्रक्रियामा सहभागी हुन दूतावास आउँदै गरेका बेला आक्रमणमा परेका हुन्। खार्तुमका सडकमा लाश यत्रतत्र छरिएका छन्। आरएसएफले युद्धविरामको उद्देश्य मानवीय सङ्कट उत्पन्न हुन नदिन तथा देशवासीलार्य आवश्यक स्वास्थ्य सेवाका साथै सुरक्षित स्थानसम्मको पहुँच सुनिश्चित गर्न तथा कूटनीतिक नियोगहरूलाई खाली गर्नु हो भनेको छ। प्रतिद्वन्द्वी समूह एसएएफले पनि आरएसएफले युद्धविराम पालना गरेमा आफूले पनि त्यसलाई मान्ने बताएको छ। हिंसा सुरु भएदेखि युद्धग्रस्त राजधानी खार्तुमका बासिन्दालाई घरभित्रै बस्न भनिएको छ। उनीहरू खाना र पानीको चरम अभाव झेलिरहेका छन्। बम विष्फोटले पानी आपूर्तिका पूर्वाधार क्षतविक्षत भएका छन्। सुडानीहरू नाइल नदीको पानी पिउन बाध्य भएका छन्। घोषित युद्धविरामले उनीहरूलाई शहरबाट सुरक्षित स्थानतर्फ जान सहज हुनेछ। विदेशी सरकारहरूलाई पनि आफ्ना आफ्ना कूटनीतिज्ञ र नागरिकको उद्धार गर्न सजिलो हुने बताएका छन्। संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले सुडान हिंसाले देशको सम्पूर्ण क्षेत्र र छिमेकी भूभागमा निम्त्याउन विपत्तिको आगो फैलनसक्ने चेतावनी दिनुभएको छ। आइतबार रातिदेखि सुडानमा इन्टरनेट सेवा अवरुद्ध भएको छ। देशबाट हजारौं नागरिक छिमेकी देशमा पलायन भएका छन्भने करिब चार हजार विदेशीले सुडान छाडेका छन्।

### सुडानबाट आफ्ना नागरिकलाई उद्धार गर्दै बेलायत

लण्डन, १२ वैशाख (रासस/एएफपी)।

बेलायतले सुडानबाट आफ्ना नागरिकलाई उद्धार गर्न ‘बृहत् स्तर’ को उद्धार अभियान सञ्चालन गर्ने घोषणा गरेको छ। दश दिनसम्म भएको युद्धमा चार सय २७ जना मारिएका तथा तीन हजार सात सयभन्दा बढी घाइते भएका राष्ट्रसङ्घीय निकायहरूले जनाएका छन्। संयुक्त राज्य अमेरिकाको मध्यस्थतामा सुडानी सशस्त्र बल (एसएएफ) र ऱ्यापिड सपोर्ट फोर्सेस (आरएसएफ) ७२ घण्टा युद्धविराम गर्न सहमत भएको जनाएसँगै बेलायतले आफ्ना नागरिकलाई त्यहाँबाट फिर्ता ल्याउने घोषणा गरेको हो। आफ्ना नागरिकलाई सुडानमा असुरक्षित छाडेकामा व्यापक आलोचना भएपछि सरकारले बेलायती राहदानी वाहकहरूलाई सुडानबाट फिर्ता ल्याउने बताएको हो। सन् २०२१ मा अफगानिस्तानबाट आफ्ना नागरिक उद्धार गर्दा पनि बेलायतको आलोचना भएको थियो। गए रातिदेखि सुडानमा ७२ घण्टे युद्धविराम लागू भएको छ। प्रधानमन्त्री ऋषि सुनकले रोयल एयर फोर्सको उडानबाट बेलायती नागरिकलाई स्वदेश ल्याउने प्रक्रिया प्रारम्भ भएको बताउनुभएको छ। बालबालिका, वृद्धवृद्धाका साथै कमजोर अवस्थामा रहेका परिवारलाई उद्धारको प्रथम प्राथमिकतामा राखिएको उहाँले बताउनुभएको छ। उद्धार अभियानलाई जटिल कार्य भन्दै उहाँले बेलायतको सशस्त्र सेना,कूटनीतिज्ञ र अभियानमा संलग्न अन्य व्यक्तिको सराहना गर्नुभएको छ। प्रधानमन्त्री सुनकले सुडानमा रक्तपात अन्त्य गर्न र लोकतान्त्रिक सरकालाई बेलायतबाट निरन्तर सहयोग एवम् समर्थन रहने बताउनुभएको छ। बेलायतका विदेशमन्त्री एन्ड्रू मिचेलले सुडानमा दोहोरो नागरिकता भएका करिब चार हजार बेलायती र बेलायतको मात्र राहदानी भएका चार सय मानिस रहेका बताउनुभएको छ। करिब दुई हजार बेलायती राहदानी वाहकले उद्धारका निम्ति आवेदन गरेका जानकारी पनि उहाँले दिनुभएको छ। विदेश मन्त्रालयले जारी गरेको एक विज्ञप्तिअनुसार उद्धार उडान खार्तुम वाहिरको एयरफिल्डबाट हुनेछ। खार्तुममा रहेका बेलायती नागरिकलाई नबोलाएसम्म घरभित्रै बस्न तथा एयरफिल्डमा नजान आग्रह गरिएको छ। खार्तुमको स्थिति नाजुक रहेका थोरै समयमा उद्धारका गतिविधि गर्नुपर्ने र त्यसमा छोटो समय मै सूचना प्रवाह गर्नुपर्ने परिस्थिति पनि उत्पन्न हुनसक्ने जनाइएको छ।

### राष्ट्रसंघमा रुसको व्यापक आलोचना

संयुक्त राष्ट्रसङ्घ, १२ वैशाख (रासस/एपी)।

युक्रेनलाई लिएर राष्ट्रसङ्घमा रुसको व्यापक आलोचना भएको छ। सोमबार भएको सुरक्षा परिषद्को एउटा बैठकमा महासचिव एन्टोनियो गुटेरेस र पश्चिमा राष्ट्रहरूले रुसलाई गाली गरेका हुन्। मस्कोले युक्रेनमा आक्रमणका साथै उसको भूमि कब्जा गरेर राष्ट्रसङ्घको बडापत्र उल्लङ्घन गरेको आरोप पनि उनीहरूले लगाए। रुसी विदेशमन्त्री सेर्गेइ लाभरोभले आफ्नो देशले गरेको सैन्य कारवाहीको प्रतिरक्षा गर्दै संयुक्त राज्य अमेरिका तथा उसका सहयोगीहरूले तेस्रो विश्वयुद्ध हुननदिन स्थापना गरिएको संयुक्त राष्ट्रसङ्घको जग र विश्वव्यापी कूटनीतिलाई कमजोर बनाएको आरोप लगाउनुभयो। महासचिव गुटेरेसले विश्वस्वास्थ्य संस्थाका एक सय ९३ सदस्य मुलुकबीचको सहकार्यमा जोड दिँदै दोस्रो विश्वयुद्धको विभिषिकाका बीच स्थापना भएको संयुक्त राष्ट्रसङ्घ सदस्य देशबीच सहकार्य एवम् हार्दिकता नहुँदा स्थापनाकालदेखि नै ठूलो तनावमा रहेको बताउनुभयो। ठूला शक्तिराष्ट्रबीचको तनाव बढ्दा विश्व दुर्घटनातर्फ उन्मुख भएको, त्यसले द्वन्द्वको जोखिम बढाएको महासचिवको कथन थियो। युक्रेन युद्धतर्फ सङ्केत गर्दै उहाँले विश्व संस्था नै तनावमा रहेको बताउनुभएको हो। बैठकमा महासचिव गुटेरेस, अमेरिका, बेलायत, फ्रान्स र उनीहरूका सहयोगी देशका राजदूतहरूले सबै राष्ट्रलाई सार्वभौमसत्ता, क्षेत्रीय अखण्डता, र प्रत्येक राष्ट्रको राजनीतिक स्वतन्त्रलाई समर्थन गर्न आवश्यक भएको बताउँदै राष्ट्रसङ्घको बडापत्रका अन्तरनिहित सिद्धान्तलाई औंल्याएका थिए।

# हनुमानगर मेयर कपमा कंचनपुर र छिन्नमस्ता बिजयी




**दैनिक समाचारदाता**
**राजविराज, १२ बैशाख ।**

सप्तरीको हनुमाननगर कंकालनी नगरपालिकाको आयोजनामा प्रथम मेयर कप टि ट्वान्टी क्रिकेट प्रतियोगिता मंगलबारदेखी सुरु भएको छ ।

मधवापुर खेल मैदानमा मंगलबार भएको उदघाटन खेलमा कंचनपुर र छिन्नमस्ता बिजयी भएका छन ।

सम्पन्न पहिलो खेलमा हनुमानगर रेड टिमलाई ६ बिकेटले पराजित गर्दै कंचनपुर क्रिकेट टिमले १४ ओभर ४ बलमा ४ बिकेट गुमाएर ६ बिकेटमा सो जित हात पारेको हो ।

कंचनपुरका अभिषेक गौतम ५२, मदन चौधरी तथा उमेश चौधरीले अविजित खेल्दै १५ रन बनाएका थिए । टस जितेर हनुमानगरले १६ ओभर ५ बलमा सबै बिकेट गुमाई १ सय ७ रनको योगफल खडा गरेको थियो । जसमा सनत खड्गा ३० रन, प्रज्जवल झा २७ रन जोडेका थिए ।

बलिंग तर्फ कंचनपुरका असलम शेख र अभिषेक गौतम ३/३ बिकेट र उमेश चौधरी तथा मुकेश सिँहले १/१ बिकेट लिएका थिए । खेलको म्यान अफ दि प्लेयर अभिषेक गौतम घोषित भए ।

यसैगरी दोस्रो खेलमा रूपनीलाई ९ बिकेटले पराजित गर्दै छिन्नमस्ता गाउपालिका बिजयी भएको छ । रूपनीले दिएको ५८ रनको लक्ष्य लिएका छिन्नमस्ताले १ बिकेट गुमाएर हासिल गर्‍यो ।

जसमा दयानन्द अमात्यले २७ रन अविजित र फिर्दोस अन्सारीले २० रन बनाएका थिए । उक्त खेलमा उत्कृष्ट बलिंग गर्दै रूपनीका ७ वटा खेलाडीलाई आउट गरेका छिन्नमस्ताका फिर्दोस अन्सारी म्यान अफ द प्लेयर घोषित भए ।

# पुनः बढ्यो कोरोना, एक सय ३६ संक्रमित थपिए

काठमाडौं, १२ वैशाख (रासस) ।

कोरोना भाइरस संक्रक्रमण पुनः बढेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार मंगलबार एक हजार पाँच सय ९१ जनामा गरिएको परीक्षणमा एक सय ३६ जनामा सङ्क्रमण पुष्टि भएको छ ।

यस्तै सक्रिय सङ्क्रमित तीन ९० जना पुगेका छन् । सोमबार एक सय १३ जनामा सङ्क्रमण फेला परेको थियो । मन्त्रालयका अनुसार संस्थागत आइसोलेसनमा २७ जना, सघन उप कक्ष (आइसियु)मा चार जना र भेन्टिलेटरमा एक जना उपचाररत रहेका छन् ।

यस्तै मंगलबार ६४ जना कोरोना उपचारपछि घर फर्किएका छन् । मन्त्रालयले कोरोना भाइरसको सङ्क्रमण बढ्दै गइरहेकाले खोप लगाउन आग्रह गरेको छ । नेपालमा छिमेकी देशमा भारतमा फैलिएको कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोन एक्सविवि. १.१६ देखा परेको छ ।

शून्यमा झरेको सङ्क्रमण नेपाल भारत खुला सीमानाका कारणले सङ्क्रमित नेपाल प्रवेश गर्नाले फैलिएको हो ।

# सांसद श्रेष्ठको पद रिक्त

**दैनिक समाचारदाता**
**काठमाडौं, १२ बैशाख ।**

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद ढाकाकुमार श्रेष्ठको सांसद पद रिक्त भएको छ ।

सभामुख देवराज घिमिरले घुस मागेको अडियो प्रकरणमा जोडिएका सांसद श्रेष्ठको पद रिक्त हुने निर्णय मंगलबार गरेका हुन् । उनलाई सांसद पदबाट हटाउन रास्वापाले संसद सचिवालयमा पत्राचार गरेको थियो ।

रास्वपाको पत्रहरूका अध्ययनक स्पछि सभामुखले उनको सांसद पद रिक्त हुने निर्णय गरेका हुन् ।

उनको सांसद पद रिक्त भएको सूचना मंगलबारको प्रतिनिधिसभाको बैठकमा सुनाउने तयारी रहेको सभामुखका प्रेसविज्ञ शेखर अधिकारी जानकारी दिए ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**बलानबिहुल गाउँपालिका, सप्तरी**

## ‘भ्रम’ फैलाउने ...

अवतरणको अनुमति मागिएको थियो । त्यसपछि विमानस्थलमा आकस्मिक अवतरणको तयारी गरिएको थियो ।

“उड्नासाथ जहाजमा समस्या आयो भनेर खबर आयो,” निरौलाले बाह्रखरीसँग भने, “उड्नासाथ समस्या आयो भनेर केहीबेर रोक्यो । त्यसबेला आगो देखिएको कुरा आयो । केहीबेर होल्ड गरेपछि आफ्ना सबै प्यारामिटर चेक गरेर नर्मल देखियो भन्दै जहाज गन्तव्यतर्फ नै गयो ।”

अन्य गन्तव्यतर्फबाट आएका जहाजलाई एकैछिन रोकेर फ्लाई दुवईको जहाज अवतरणको तयारी गरिएको थियो ।

**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

**औषधिको सही सेवन गरौं**
- चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाहविना औषधिको सेवन नगरौं।
- जथाभावी औषधि सेवनले स्वास्थ्यमा प्रतिकुल असर पर्न सक्दछ।
- जथाभावी औषधि सेवनले स्वास्थ्यमा जटिलता आउन सक्ने, अपाङ्गता हुन सक्ने र ज्यानैसमेत जान सक्दछ।
- एन्टिबायोटिक लगायतका औषधि चिकित्सकको सल्लाहमा पूरा मात्रामा सेवन गरौं।
- औषधि पूरा मात्रामा र सही समयमा सेवन नगर्नाले रोग पुनः बल्झिन सक्दछ।

त्यसैले औषधिको सेवन चिकित्सक वा स्वास्थ्यकर्मीको परामर्शअनुसार गर्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np